# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ८ संख्या – ८ मितिः २२ चैत्र, २०८१

## भाग - २

## शिक्षक, कर्मचारी दरबन्दी (मिलान तथा व्यवस्थापन) र विद्यालय समायोजन कार्यविधि, २०८१

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

## शिक्षक, कर्मचारी दरबन्दी (मिलान तथा ब्यवस्थापन) र विद्यालय समायोजन कार्यविधि, २०८१

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१२।१३*

<u>**प्रस्तावना:**</u> बेनीघाट रोराङ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययन अध्यापनलाई सुनिश्चित गरी विद्यालय सञ्चालन गर्न विद्यालय तथा विद्यार्थी संख्या साथै भौगोलिक विकटता समेतको आधारमा **शिक्षक, कर्मचारी दरबन्दी (मिलान तथा ब्यवस्थापन) र विद्यालय समायोजन कार्यविधि, २०८१** बनाउन वाञ्छनीय भएकोले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन,२०७९ को दफा ३३ र ५५ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम बेनीघाट रोराङ गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम शिक्षक, कर्मचारी दरबन्दी (मिलान तथा ब्यवस्थापन) र विद्यालय समायोजन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि बेनीघाट रोराङ गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

क) **ऐन:** "ऐन" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन,२०७९ सम्झनु पर्दछ ।

ख) **कार्यपालिका:** "कार्यपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ग) **दरबन्दी:** "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयको शिक्षकको स्वीकृत स्थायी दरबन्दी सम्झनु पर्दछ र सो शब्दले करार, राहत, संघ प्रदेश र गाउँपालिकाको अनुदान कोटा र प्राविधिक धारतर्फका प्रशिक्षक समेतलाई जनाउँछ ।

घ) **दरबन्दी मिलान:** "दरबन्दी मिलान" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई यस कार्यविधि बमोजिम विद्यार्थी संख्या, शैक्षिक योग्यता, विषय, सम्बन्धित विद्यालयमा कार्यरत सेवा अवधि समेतका आधारमा सरुवा गर्ने, कामकाजमा खटाउने, पदस्थापन गर्ने वा दरबन्दी मिलान गरी दरबन्दी व्यवस्थापन गर्ने कार्य सम्झनु पर्दछ ।

ङ) **अध्यक्ष:** "अध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

च) **उपाध्यक्ष :** "उपाध्यक्ष" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

छ) **गाउँपालिका :** "गाउँपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनु पर्दछ ।

ज) **विद्यालय:** "विद्यालय" भन्नाले गाउँपालिका क्षेत्र भित्र सञ्चालित प्रारम्भिक बाल कक्षादेखि कक्षा १२ सम्मका विद्यालयहरु सम्झनु पर्दछ र सो शब्दले कक्षा १२

भन्दा तल्लो तहसम्म मात्र सञ्चालन भएका सामुदायिक विद्यालय समेतलाई जनाउँदछ।

झ) **शाखा:** "शाखा" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

ञ) **शिक्षा अधिकारी:** "शिक्षा अधिकारी" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनु पर्दछ ।

ट) **समिति:** "समिति" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन,२०७९ को दफा १३ बमोजिम गठन भएको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

ठ) **कार्यदल:** "कार्यदल" भन्नाले बेनीघाट रोराङ गाउँकार्यपालिकाबाट शिक्षक, कर्मचारी दरबन्दी मिलान र विद्यालय समायोजनका लागि गाउँ शिक्षा समितिलाई आवश्यक सुझाव सिफारिस गर्न गठन भएको कार्यदल सम्झनु पर्दछ ।

## परिच्छेद : २

## शिक्षक कर्मचारी दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी व्यवस्था

### ३. दरबन्दी निर्धारण:

(१) गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयमा आधारभूत तहको प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म कक्षा र विद्यार्थी संख्याको आधारमा (सकभर विषय समेत) र कक्षा ६ देखि १० सम्म कक्षा संख्या, विद्यार्थी संख्या र संघ, प्रदेश र गाउँपालिकाको शिक्षा ऐनले निर्धारण गरेको विषयगत आधारमा कायम हुनेछ ।

(२) उपदफा १ बमोजिमको दरबन्दी निर्धारण गर्दा दफा ४ का आधारमा गरिनेछ ।

(३) दफा ४ बमोजिम दरबन्दी निर्धारण गरेपनि संघबाट दरबन्दी मिलान भइ पालिकालाई थप हुने भनिएको दरबन्दी प्राप्त नभएसम्मका लागि पालिकामा रहेको सीमित मौजुदा दरबन्दीलाई नै आधार मानी मिलान गरिनेछ

### ४. दरबन्दी कायम गर्ने आधार:

(१) विद्यालयमा दरबन्दी कायम गर्दा देहायका आधारमा हुनेछ –

(क) दरबन्दी मिलान गर्दा चालु शैक्षिक सत्रमा विद्यालयहरुले IEMIS मा प्रविष्ट गरेको तथ्याङ्कबाट प्राप्त भएको कक्षागत विद्यार्थी संख्याको विवरणलाई आधार मान्ने ।

(ख) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, करार, राहत शिक्षक, संघ, प्रदेश, गाउँपालिका अनुदानमा कार्यरत शिक्षक र बालविकासमा कार्यरत शिक्षकको तहगतरुपमा विद्यालयगत संख्यात्मक विवरण तयार गरी मिलान कार्यमा उल्लेखित सबै प्रकारका शिक्षकलाई समावेश गर्ने ।

(ग) काजमा रहेका शिक्षकको दरबन्दी दरबन्दी रहेकै विद्यालयमा गणना गर्ने ।

(घ) न्यूनतम विद्यार्थी संख्या कायम गर्दा बालविकासदेखि कक्षा ३ सम्म संचालन विद्यालयमा न्यूनतम प्रति कक्षा ८ जना, कक्षा ४-५ मा न्यूनतम प्रति कक्षा १० जना, कक्षा ६-८ मा न्यूनतम प्रतिकक्षा १३ जना, कक्षा ९-१० मा न्यूनतम प्रति

कक्षा १८ जना वा जम्मा ३६ जना विद्यार्थी हुनु पर्ने प्राबधान अवलम्बन गर्ने । त्यसभन्दा कम विद्यार्थी संख्या भएमा त्यस्ता विद्यालयलाई एकीकरण/समायोजन तथा कक्षा/तह घटुवाको प्रक्रियामा लगिनेछ । आधारभूत र माध्यमिक तहमा कायम रहने उक्त विद्यार्थी संख्या भौगोलिक विकटता भएको विद्यालयको हकमा स्थलगत अध्ययन गरी विशेष निर्णय गर्न सकिनेछ । विद्यालय बसको पहुँच हुने र राजमार्गका सुगम विद्यालयहरुलाई हालको विद्यालय सञ्चालन भएको स्थानमा केही कक्षाहरु सञ्चालन गर्ने गरी उल्लेखित विद्यार्थी संख्या भन्दा बढी भए पनि विद्यालय समायोजन गर्न बाधा मानिने छैन ।

(ङ) एउटै कक्षामा विद्यार्थी संख्या बढी भई वर्ग (सेक्सन) खोल्नु पर्ने अवस्थामा तोकिएको राष्ट्रिय मापदण्ड बमोजिमको विद्यार्थी संख्या भन्दा बढी विद्यार्थी भएमा वर्ग (सेक्सन) को व्यवस्था गरी प्रति सेक्सन १ शिक्षक दरबन्दी थप गरी गणना गरिनेछ ।

(च) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्दा चालु शैक्षिक सत्रमा रहेको तहगत शिक्षक विद्यार्थी अनुपात निकाली सो अनुपातलाई समेत आधारको रुपमा लिइनेछ ।

**(२) बालविकास कक्षा देखि कक्षा ३ सम्म सञ्चालन भएका विद्यालयको हकमाः**

(क) भौगोलिक रुपमा विकट, सीमान्तकृत तथा अधिकांश जनजाति तथा दलित बालबालिका अध्ययन गर्ने विद्यालयमा न्यूनतम १५ जना विद्यार्थी संख्या भएमा १ बालविकास कोटा र न्यूनतम १ वटा प्राथमिक दरबन्दी कायम गरिनेछ । तर त्यस्तो स्थानमा विद्यालय संचालन गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार हुनेछ । अन्यथा बालविकास कक्षा हाललाई यथावत राखी त्यस्तो विद्यालय नजिकको विद्यालयमा समायोजन गर्न सकिनेछ ।

(ख) कक्षा १-३ मा विद्यार्थी संख्या २५ जना सम्म भएमा कम्तिमा १ वटा सम्म प्राथमिक दरबन्दी कायम गर्ने ।

(ग) कक्षा १-३ मा विद्यार्थी संख्या २५ जना भन्दा बढी भएमा प्रत्येक ४० जना विद्यार्थी बराबर थप १ दरबन्दी कायम गर्ने ।

(ग) एक वटा सामुदायिक विद्यालयमा १ भन्दा बढी बाल विकास केन्द्र भएमा अधिकतम २५ सम्म विद्यार्थी बराबर १ बालविकास केन्द्र रहने गरी प्रत्येक विद्यालयमा न्यूनतम १ ओटा वालविकास दरबन्दी कायम गर्ने ।

**३) आधारभूत तह (कक्षा १-५) संचालन भएका विद्यालयको हकमाः**

(क) भौगोलिक रुपमा विकट तथा सीमान्तकृत एवं दलित तथा जनजाति बालबालिका अध्ययन गर्ने विद्यालयमा कक्षा ४ र ५ मा १० जनासम्म विद्यार्थी भएमा १ वटासम्म प्राथमिक दरबन्दी कायम गर्ने । तर त्यस्तो स्थानमा विद्यालय संचालन गर्नुपर्ने भएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार हुनेछ । अन्यथा दफा ४ को उपदफा २ मान्य हुने गरी कक्षा ३ सम्म हाललाई यथावत राखी त्यस्तो विद्यालयको कक्षा ४ र ५ को कक्षाहरुलाई नजिकको विद्यालयमा समायोजन गर्न सकिनेछ।

(ख) कक्षा १-५ मा न्यूनतम विद्यार्थी संख्या ३० जनासम्म भएमा २ वटा दरबन्दी कायम गर्ने ।

(ग) कक्षा १-५ मा न्यूनतम विद्यार्थी संख्या ३० जना भन्दा बढी भएमा प्रत्येक ४० विद्यार्थी बराबर थप १ दरबन्दी कायम गर्ने ।

**४) आधारभूत तह (कक्षा १-८) संचालन भएका विद्यालयको हकमाः**

(क) भौगोलिक रुपमा विकट, सीमान्तकृत तथा अधिकांश जनजाति तथा दलित बालबालिका अध्ययन गर्ने विद्यालयमा कक्षा ६-८ मा १३५ जनासम्म विद्यार्थी भएमा आधारभूत तह (कक्षा ६-८) को कम्तीमा ३ वटा शिक्षक दरबन्दी (अङ्ग्रेजी -१, गणित/विज्ञान-१, नेपाली-१) कायम गर्ने । आधारभूत तह (साविक निम्न माध्यमिक तह) को शिक्षक नपुग भएमा सम्बन्धित विषयमा कम्तीमा कक्षा १२ उत्तीर्ण गरेका प्राथमिक तहका शिक्षकलाई समेत व्यवस्थापन गर्न वाधा पर्ने छैन ।

(ख) शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी संख्या तथा विषयगत आवश्यकता मिलान हुने गरी यस कार्यविधिमा भएको व्यवस्था अनुसार कायम गरिनेछ ।

(ग) कक्षा ६-८ मा १३५ जना भन्दा बढी विद्यार्थी भएमा प्रत्येक ४५ विद्यार्थी बराबर थप १ दरबन्दी कायम गर्ने ।

(घ) मापदण्ड अनुसार विद्यार्थी संख्या भएका सेक्सन खोल्नु नपर्ने कक्षा १-८ संचालित विद्यालयमा न्यूनतम ७ वटा दरबन्दी कायम गर्ने ।

**५) माध्यमिक तह कक्षा ९-१० संचालन भएका विद्यालयको सम्बन्धमा**

(क) विद्यालय बसको सुविधा नभएको र भौगोलिक विकट मानिएका वडामा कम्तिमा एक माध्यमिक विद्यालयको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

(ख) कक्षा ९-१० सञ्चालित विद्यालयमा न्यूनतम ५ वटा विषयगत दरबन्दी कायम गरिनेछ । पालिकाको मौजुदा बिषयगत दरबन्दीबाट नपुग हुने अवस्थामा माध्यमिक तहको लागि न्यूनतम योग्यता भएको र सम्बन्धित विषय अध्ययन गरेको प्राथमिक तहको शिक्षकलाई मिलान गर्न सकिनेछ ।

(ग) हाल माध्यमिक तह संचालन भइरहेका र स्वीकृत दरबन्दी प्राप्त गरेका विद्यालयमा न्यूनतम ५ विषयगत (अङ्ग्रेजी-१, विज्ञान-१, गणित-१, नेपाली-१ र सामाजिक-१) शिक्षकहरु रहने गरी अन्य शिक्षकको हकमा आवश्यकता अनुसार दरबन्दी कट्टा गर्दा विद्यालयको आवश्यकता र शिक्षकको विषयगत दक्षताको आधारमा दरबन्दी कट्टा गरिनेछ ।

(घ) कक्षा ९-१० मा ९० भन्दा बढी विद्यार्थी भएमा प्रत्येक थप ४५ विद्यार्थी बराबर १ दरबन्दी कायम गर्ने ।

(ङ) मापदण्ड अनुसार विद्यार्थी संख्या भएका सेक्सन खोल्नु नपर्ने कक्षा १-१० संचालित विद्यालयमा न्यूनतम १२ वटा दरबन्दी कायम गर्ने ।

**६) माध्यमिक तह (कक्षा ११-१२) संचालन भएका विद्यालयको हकमाः**

(क) कक्षा ११ र १२ मा न्यूनतम ४० जना विद्यार्थी संख्या भएका विद्यालयले मात्र कक्षा ११ र १२ संचालन गर्न सक्नेछन् ।

(ख) कक्षा ११-१२ सञ्चालित विद्यालयमा साविक उच्च माध्यमिक तहको दरबन्दी नभएका विद्यालयहरुमा योग्यता र विषय मिल्ने गरी प्राथमिक र निम्न माध्यमिक दरबन्दी थप गर्ने ।

(ग) माध्यमिक तहमा दरबन्दी थप गर्दा न्यूनतम विद्यार्थी संख्या भएका र कक्षा ११ र १२ को साविक उच्च माध्यमिक तहको दरबन्दी प्राप्त नगरेका विद्यालयलाई प्राथमिकता दिइनेछ ।

(घ) कक्षा ११-१२ सञ्चालन भएको विद्यालयलाई न्यूनतम २ दरबन्दी कायम गर्ने ।

(ङ) कक्षा ११-१२ सञ्चालन भएको विद्यालयलाई प्रत्येक ६ ऐच्छिक विषयको लागि थप १ दरबन्दी कायम गर्ने ।

(च) दफा ६ को उपदफा घ र ङ मा भएको प्राबधान बमोजिम दरबन्दी गणना गरिसकेपछि प्रत्येक थप ४५ जना बिद्यार्थी बराबर थप १ दरबन्दी कायम गर्ने ।

## परिच्छेद :३

## दरबन्दी कट्टामा परेका विद्यालयहरुको दरबन्दी कटौती गर्ने आधारहरुः

क) विद्यालयमा रिक्त रहेको दरबन्दी कट्टा गर्दा उक्त विद्यालयमा विषयगत अभाव नहुने भएमा सो रिक्त दरबन्दी कट्टा गर्न प्राथमिकता दिइनेछ ।

ख) दरबन्दी कट्टा गर्दा विषयगत आवश्यकताको आधारमा गरिनेछ ।

ग) विद्यालयमा पदस्थापना भएको मितिको आधारमा कनिष्ठ शिक्षकको दरबन्दी कटौती गरिनेछ, तर कनिष्ठमा परेको शिक्षक आवश्यकता महशुस नगरिएको विषय अध्ययन गरेको परेमा विषयगत शिक्षकलाई प्रमुख आधार बनाइनेछ ।

घ) बालविकास शिक्षक कटौतीको हकमा कार्यरत शिक्षकको स्थायी ठेगाना र कनिष्ठतालाई कटौतीको आधार लिइनेछ ।

## परिच्छेद : ४

## शिक्षक व्यवस्थापनका आधारहरुः

क) भौगोलिक विकटताको कारणबाट कठिन ठाँउमा रहेका र एकीकरण (Merge) गर्न नसकिने विद्यालयहरुमा आवश्यकताअनुसार बहुकक्षा शिक्षण पद्दति वा बहुकक्षा बहुस्तर बमोजिम शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

ख) हरेक विद्यालयमा कम्तीमा एक बालविकास केन्द्र कायम गरिनेछ ।

ग) शिक्षक व्यवस्थापन गर्दा माध्यमिक तह तथा कक्षा १-८ सञ्चालन भएका आधारभूत तहका विद्यालयमा अध्यापन गराउने विषयगत शिक्षक अभाव भएका विद्यालयमा कट्टामा परेका शिक्षकहरुको विषयगत माथिल्लो शैक्षिक योग्यताको आधारमा व्यवस्थापन गरिनेछ ।

घ) दरबन्दी थप हुने र विषयगत आवश्यकता मिल्ने देखिएमा कट्टामा परेका शिक्षकलाई नजिकको विद्यालयमा पदस्थापना गर्न प्राथमिकता दिइनेछ ।

ङ) दरबन्दी कट्टामा नपरेका विद्यालयमा समेत एउटै विषयमा माथिल्लो शैक्षिक योग्यता भएका शिक्षक बढी भएमा सो विषय नभएको अर्को विद्यालयमा पारस्पारिक रुपमा सरुवा व्यवस्थापन गर्न सकिने छ ।

च) दरबन्दी मिलान पश्चात बढी हुन आउने शिक्षक दरबन्दीलाई गाउँ शिक्षा समितिले शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सवै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई विद्यालयको विषयगत आवश्यकतालाई समेत ध्यानमा राखेर शिक्षक कमी भएका विद्यालयमा खटाउनेछ ।

छ) कट्टा भएका शिक्षकलाई विद्यार्थी संख्या बढी भएका विद्यालयमा पठाउँदा सकेसम्म स्वीकृत दरबन्दी र राहत दरबन्दी बीचको समावेशितालाई हेरी व्यवस्थापन गरिनेछ।

ज) दरबन्दी कट्टामा परेका शिक्षकहरुको व्यवस्थापन गर्दा सकेसम्म स्नातकोत्तर गरेका प्राथमिक तह र निम्न माध्यमिक तहका शिक्षकलाई माध्यमिक तह सञ्चालन भएका विद्यालयमा र स्नातक गरेका प्राथमिक तहकमा शिक्षकलाई कक्षा ६-८ सञ्चालन भएका आधारभूत विद्यालयमा व्यवस्थापन गरिनेछ । माथिल्लो तहमा कक्षा लिने शिक्षकलाई गाउँपालिकाले प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद : ५

## विविध

१. बचाउ र खारेजी : यस कार्यविधि लागू हुनु अघि दरबन्दी मिलान तथा शिक्षक सरुवा सम्बन्धी भए गरेका कार्यहरु यस कार्यविधि बमोजिम भएको मानिने छ । साथै यस कार्यविधि संघीय प्रदेश र स्थानीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

२. उजुरी सम्बन्धी व्यवस्था : यस कार्यविधि बमोजिम भएका कामकारवाही सम्बन्धमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले गाउँ शिक्षा समिति समक्ष उजुरी गर्न सक्नेछ ।

३. बाधा अड्काउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार बेनीघाट रोराङ गाउँकार्यपालिकालाई हुनेछ ।

**आज्ञाले**

नर्बदा घिमिरे

प्रमुख प्रशासकीय अधिकृत